राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ८ अंक ९३ २०८३ कात्तिक ८ गते आईतवार (25 Oct. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## रास्वपाभित्रैबाट प्रधानमन्त्रीलाई असफल बनाउने षड्यन्त्र : प्रभु साह

दैनिक समाचारदाता
काठमाडौं, ७ कात्तिक । आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को नेतृत्व चुनाव जित्ने र पद प्राप्त गर्ने स्वार्थमा केन्द्रित रहेको आरोप लगाएका छन्। उनले रास्वपाभित्रैबाट प्रधानमन्त्री बालेन शाहलाई असफल बनाउने षड्यन्त्र भइरहेको दाबीसमेत गरेका छन्।

रौतहटको गरुडामा अग्रगामी मोर्चाको नगर कमिटीले आयोजना गरेको शुभकामना विशेष कार्यक्रमलाई सम्बोधन गर्दै साहले रास्वपाका नेताहरूमा देश र जनताको समस्याभन्दा सत्ता र कुर्सीप्रतिको मोह बढी देखिएको टिप्पणी गरे।

'घण्टीहरूलाई कुर्सीको मात्रै चिन्ता छ, चुनाव कसरी जित्ने र पद कसरी पाउने भन्ने मात्रै चिन्ता देखियो। देश र जनताको बारेमा यिनीहरूलाई कुनै चिन्ता छैन,' उनले भने। यस्तो अवसरवादी सोचप्रति सचेत रहन पनि उनले आग्रह गरे।



साहले रास्वपा सभापति रवि लामिछानेसमर्थित कार्यकर्ताहरू उग्र रहेको र सामाजिक सञ्जाललाई दूषित बनाएको आरोप लगाए। उनले रास्वपाको कोर टिमले प्रधानमन्त्री शाहलाई असफल बनाउने उद्देश्यले षड्यन्त्र गरिरहेको दाबीसमेत गरे।

वर्तमान सरकारलाई अन्य राजनीतिक दलबाट तत्काल कुनै खतरा नरहेको उल्लेख गर्दै साहले सरकार असफल बनाउने प्रयास पार्टीभित्रैबाट भइरहेको बताए। यस्तो गतिविधिबारे छिट्टै जनताले थाहा पाउने उनको दाबी थियो।

## नेकपाको दुईमहिने राष्ट्रिय जागरण अभियान सुरु

### राष्ट्रिय स्वाधीनता र जनअधिकारको रक्षा तथा सङ्गठन सुदृढीकरणमा जोड, एमालेसँग तत्काल एकता नहुने प्रचण्डको स्पष्टोक्ति

दैनिक समाचारदाता
काठमाडौँ, ८ कात्तिक । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले दुईमहिने राष्ट्रिय जागरण अभियान सुरु गरेको छ। शनिबार पार्टीको केन्द्रीय कार्यालय पेरिसडाँडामा पार्टी संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजक माधवकुमार नेपालले अभियानको शुभारम्भ गरेका हुन्।राष्ट्रिय स्वाधीनता, लोकतन्त्र र जनअधिकारको रक्षा, जनजीविकाका सवाल सम्बोधन तथा पार्टी समायोजन, सदस्यता नवीकरण र सङ्गठन सुदृढीकरण गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको नेकपाले जनाएको छ।



अभियानमा सहभागी हुन आह्वान गर्दै संयोजक प्रचण्डले राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डतासँग सम्बन्धित चुनौती तथा भूराजनीतिक चलखेलप्रति गम्भीर हुनुपर्ने बताए। उनले अभिव्यक्ति स्वतन्त्रताका लागि भएका आन्दोलनको जगमा बनेको सरकारबाटै फरक मतप्रति असहिष्णु व्यवहार देखिएको, बोल्ने र प्रश्न गर्ने नागरिकको स्वतन्त्रतामाथि रोक लगाउने प्रयास भइरहेको तथा निजी क्षेत्र र नागरिक अधिकारमाथि हस्तक्षेप हुने गरेको आरोप लगाए। यस्ता प्रवृत्तिले भय र त्रासको वातावरण सिर्जना गर्न सक्ने उनको भनाइ थियो।

प्रचण्डले पार्टीका विगतका कामको इमानदारीपूर्वक समीक्षा गर्दै गल्ती र कमजोरीप्रति आत्मालोचित हुनुपर्नेमा जोड दिए। जनताको विश्वास र भरोसा बलियो बनाउँदै पार्टीलाई रूपान्तरण गर्ने उनको भनाइ थियो।

अभियानका क्रममा जनताले भोगिरहेका समस्याको पहिचान गरी स्थानीय, प्रदेश र सङ्घीय तहका सम्बन्धित निकायसमक्ष पुऱ्याइने उनले बताए। आवश्यकताअनुसार मागपत्र तथा ज्ञापनपत्र प्रस्तुत गरी समस्या समाधानका लागि निरन्तर पहल गरिने पनि उनले जानकारी दिए। राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता र नेपाली जनताको स्वतन्त्र निर्णय गर्ने अधिकारको रक्षाका लागि व्यापक राष्ट्रिय एकता आवश्यक रहेको प्रचण्डले बताए।

यसैबीच, उनले नेकपा र नेकपा एमालेबीच तत्काल पार्टी एकताको सम्भावना नरहेको स्पष्ट पारे। तर राष्ट्रिय स्वाधीनता, लोकतान्त्रिक अधिकार र देशका साझा समस्यासँग सम्बन्धित विषयमा विचार मिल्ने राजनीतिक शक्तिसँग सहकार्य गर्न आफ्नो पार्टी तयार रहेको उनको भनाइ थियो।अभियानसँगै पार्टी सदस्यता नवीकरण तथा अद्यावधिक, सङ्गठनात्मक समायोजन, कार्यविभाजन र पार्टी एकतासँग सम्बन्धित बाँकी काम तल्लो तहसम्म सम्पन्न गरिने प्रचण्डले बताए। नेकपाको राष्ट्रिय जागरण अभियान मंसिर २५ गते समापन हुने उनले जानकारी दिए।



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, ১४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३১४

## बालिकामाथि दुर्व्यवहार र रकम असुलीको आरोपमा चार पक्राउ

### भिडियो सामाजिक सञ्जालमा सार्वजनिक गरिदिने धम्की दिँदै मोबाइल बैंकिङमार्फत ६ हजार रुपैयाँ लिएको प्रहरीको भनाइ

दैनिक समाचारदाता
जनकपुरधाम, ७ कात्तिक । धनुषामा बालिकामाथि यौन दुर्व्यवहार गरेको, युवक र बालिकालाई धम्क्याएको तथा रकम असुली गरेको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार घटना कात्तिक ४ गते राति करिब ८ बजे जनकपुरधाम उपमहानगरपालिका-२० मा भएको हो।

दशैंको मेला हेरेर पैदलै बसैलातर्फ घर फर्किरहेका एक युवक र बालिकालाई दुईवटा मोटरसाइकलमा आएका चार जनाको समूहले बाटो छेकेर नियन्त्रणमा लिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।



प्रहरीका अनुसार आरोपितहरूले युवक र बालिकालाई घेरा हाली भिडियो बनाएका थिए। उक्त भिडियो सामाजिक सञ्जालमा सार्वजनिक गरिदिने धम्की दिँदै उनीहरूले पीडितका अभिभावकलाई फोन गरेर रकम मागेको आरोप छ।

प्रारम्भिक अनुसन्धानका क्रममा आरोपितहरूले मोबाइल बैंकिङमार्फत ६ हजार रुपैयाँसमेत ट्रान्सफर गर्न लगाएको खुलेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

घटनामा बालिकामाथि यौन दुर्व्यवहारसमेत भएको आरोप छ। प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# चाडपर्वमा अनुशासन

दशैं नेपाली समाजको आस्था, संस्कृति र सामाजिक सद्भावको पर्व हो। मेलापात, भेटघाट र रमाइलो यस पर्वका विशेषता हुन्। तर रमाइलोका नाममा अरूलाई दुःख दिने, सार्वजनिक शान्ति भङ्ग गर्ने र सडक सुरक्षामाथि खेलबाड गर्ने प्रवृत्ति बढ्नु चिन्ताको विषय हो। महोत्तरीमा दशैंका अवसरमा लाग्ने मेलामा मोटरसाइकलको स्वरूप परिवर्तन गरी चर्को आवाज निकाल्ने, अनावश्यक हर्कत गर्ने तथा ट्राफिक नियम उल्लङ्घन गर्ने १९ वटा मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिनु यसैको उदाहरण हो।

मोटरसाइकलमा गैरकानुनी परिवर्तन गरी ठूलो आवाज निकाल्नु मनोरञ्जन होइन, ध्वनि प्रदूषण र सामाजिक असहजता निम्त्याउने गतिविधि हो। सार्वजनिक सडकमा तीव्र गतिमा सवारी चलाउने र ट्राफिक नियमको बेवास्ता गर्ने प्रवृत्तिले दुर्घटनाको जोखिमसमेत बढाउँछ। विशेषगरी मेला भर्न आएका बालबालिका, ज्येष्ठ नागरिक र अन्य सर्वसाधारण यस्ता गतिविधिबाट प्रभावित हुन्छन्। आफ्नो क्षणिक रमाइलोका लागि अरूको सुरक्षा र शान्ति खोस्ने अधिकार कसैलाई छैन।

चाडपर्वका बेला सुरक्षा व्यवस्था कायम राख्नु प्रहरीको जिम्मेवारी हो। त्यसैले प्रहरीले गरेको निगरानी र चेकजाँच आवश्यक छ। तर नियन्त्रण र कारबाहीसँगै नागरिकमा जिम्मेवारीबोध जगाउनु पनि उत्तिकै महत्त्वपूर्ण छ। अभिभावक, युवा समूह, मेला आयोजक र स्थानीय तहले समेत सडक अनुशासन तथा सार्वजनिक मर्यादा कायम गर्न सक्रिय भूमिका खेल्नुपर्छ।

चाडपर्वको स्वतन्त्रता भनेको नियमविहीन व्यवहार गर्ने छुट होइन। वास्तविक उत्सव त्यही हो, जहाँ आफ्नो खुसीसँगै अरूको सहजता, सुरक्षा र सम्मानको पनि ख्याल गरिन्छ। त्यसैले मोटरसाइकलको अनावश्यक प्रदर्शन र उच्छृङ्खल गतिविधिलाई रोक्दै कानुनको पालना गर्ने संस्कार विकास गर्नुपर्छ। प्रहरीको कारबाहीलाई दण्डमा मात्र सीमित नराखी सभ्य र जिम्मेवार समाज निर्माणको सन्देशका रूपमा लिन आवश्यक छ।

# सत्ताको आकांक्षा कि समृद्धिको संकल्प ?



कैलाश दास

स्थानीय र प्रदेश निर्वाचनको मिति सार्वजनिक भइसकेको छैन । तर जनकपुरधामका चोक, चौतारा, चियापसल र गल्लीहरूमा चुनावी बहसको ताप बढ्न थालेको छ । को उम्मेदवार बन्ला, कसले टिकट पाउला, कसले स्वतन्त्र उम्मेदवारी देला र कसको पक्षमा जनमत बनला- यस्ता प्रश्नले सार्वजनिक संवादमा ठाउँ पाउन थालेका छन् । चियाको चुस्कीसँगै राजनीतिक भविष्यको हिसाब भइरहेको छ भने साँझपखका जमघटमा सम्भावित उम्मेदवारहरूको चर्चा चुलिन थालेको छ ।

तर यसपटकको चुनावी बहस एउटा गम्भीर प्रश्नबाट सुरु हुनुपर्छ- जनकपुरधामलाई अब कस्तो नेतृत्व चाहिएको छ ?

कसले चुनाव जित्छ भन्ने प्रश्नभन्दा महत्त्वपूर्ण प्रश्न हो, कसले जनकपुरधामको भविष्य बदल्ने स्पष्ट दृष्टि राख्छ ? कसले विगतका कमजोरीबाट पाठ सिकेको छ ? कसले वर्तमानका समस्यालाई बुझेर भविष्यको सम्भावना देख्न सक्छ ? र सबैभन्दा महत्त्वपूर्ण, कसले जनताको अपेक्षालाई चुनावी नारामा होइन, कामको योजनामा रूपान्तरण गर्न सक्छ ?

निर्वाचन केवल प्रतिनिधि छान्ने प्रक्रिया होइन, समाजले आफ्नो भविष्यबारे निर्णय गर्ने अवसर पनि हो । त्यसैले उम्मेदवारको अनुहार, दलगत आबद्धता, पुरानो परिचय र चुनावी प्रभावभन्दामाथि उठेर उसको विचार, कार्ययोजना, इमानदारी र जवाफदेहितामाथि बहस हुन आवश्यक छ ।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनलाई केवल सडकमा देखिएको आक्रोशका रूपमा बुझेर पुग्दैन । त्यसले नेपाली समाज, विशेषगरी नयाँ पुस्ताको मनमा जम्मा भएका असन्तुष्टि र अपेक्षालाई सार्वजनिक बहसको केन्द्रमा ल्याएको छ । युवाले कस्तो राज्य चाहेका छन ? कस्तो शासन व्यवस्था खोजिरहेका छन ? किन उनीहरू अवसरका लागि विदेशिन बाध्य छन ? किन सार्वजनिक सेवाप्रति विश्वास कमजोर हुन्छ ? र किन राजनीति जनताको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउन असफल भएको अनुभूति फैलिरहेको छ ? यी प्रश्नको उत्तर खोज्नु आजको राजनीतिको पहिलो दायित्व हो ।

तर विडम्बना, आन्दोलनको सन्देशलाई गहिरिएर बुझ्नेभन्दा त्यसैको भावनात्मक प्रभावलाई चुनावी लाभमा बदल्ने प्रवृत्ति देखिन थालेको छ । उम्मेदवार बन्ने आकांक्षा राख्नु लोकतान्त्रिक अधिकार हो । तर उम्मेदवार बन्ने घोषणा गर्नु र नेतृत्व गर्न योग्य दृष्टि राख्नु एउटै कुरा होइन । पदको आकांक्षा राख्नुअघि आफूले नेतृत्व गर्न खोजेको समाजको वर्तमान अवस्था, सम्भावना र भविष्यका चुनौतीबारे आत्मसमीक्षा गर्नुपर्छ । आफूलाई उम्मेदवार घोषणा गर्नेले जनतालाई केवल आफ्नो परिचय होइन, आफ्नो विचार दिन सक्नुपर्छ । उसले केवल जित्ने इच्छा होइन, जितेपछि गर्ने कामको स्पष्ट खाका प्रस्तुत गर्नुपर्छ । किनकि अब जनतालाई आश्वासनको अर्को पोको होइन, भरोसा गर्न सकिने आधार चाहिएको छ ।

हामी यस्तो समयमा बाँचिरहेका छौं, जहाँ संसारका घटनाहरू घरको कोठादेखि चियापसलसम्म आइपुग्छन् । सामाजिक सञ्जाल र इन्टरनेटले भौगोलिक दूरी घटाएका छन् । जनकपुरधामको एउटा युवाले संसारका विकसित सहरको सार्वजनिक यातायात हेर्न सक्छ, शिक्षाको गुणस्तर तुलना गर्न सक्छ, रोजगारीका अवसर बुझ्न सक्छ र आफ्नै नगरको सेवासुविधासँग ती अनुभव दाँज्न सक्छ । उसले विदेशका सहरमा सडक कसरी व्यवस्थित छन्, सार्वजनिक स्थल कसरी संरक्षण गरिएका छन्, फोहोर व्यवस्थापन कसरी हुन्छ, पर्यटकलाई कसरी आकर्षित गरिन्छ र स्थानीय अर्थतन्त्रलाई कसरी बलियो बनाइन्छ भन्ने कुरा जान्न सक्छ । त्यसैले अब जनकपुरधामको विकासलाई छिमेकी पालिकासँग तुलना गरेर मात्र पुग्दैन । विश्वका सहरले हासिल गरेका उपलब्धि र अभ्यासबाट पनि सिक्नुपर्छ ।

फ्रान्सदेखि ग्रीससम्मका देशमा महँगी, श्रमिक अधिकार, सार्वजनिक सेवा, भ्रष्टाचार र सरकारका नीतिविरुद्ध हुने प्रदर्शनले एउटा साझा प्रश्न उठाउँछन-राज्यको नीति र जनताको जीवनबीचको दूरी कसरी घटाउने ? प्रत्येक देशको परिस्थिति फरक भए पनि नागरिकका आधारभूत अपेक्षा धेरै हदसम्म समान छन् । सम्मानजनक जीवन, गुणस्तरीय शिक्षा, रोजगारी, सामाजिक सुरक्षा र जवाफदेही शासन। नेपालका मतदाताले पनि यिनै विषयमा प्रश्न गर्न थालेका छन् ।

अब सडकको अवस्था देखाएर मात्र विकासको दाबी पुग्दैन । कुनै योजना अधुरो रह्यो भने त्यसको कारण, समयसीमा र समाधान बताउनुपर्छ । विगतको प्रतिनिधिले काम गर्न दिएन, सरकारले बजेट दिएन वा अधिकार पर्याप्त भएन भनेर दोष अरूमाथि सार्दैमा नागरिकको विश्वास प्राप्त हुँदैन । अधिकार र स्रोतको अभाव वास्तविक समस्या हुन सक्छन्, तर त्यसलाई समाधान गर्ने पहल, समन्वय र वैकल्पिक उपाय पनि नेतृत्वले नै खोज्नुपर्छ। निर्वाचन जित्नका लागि जनताको समस्या गन्नु आवश्यक छ, तर समस्या गनेर मात्र समाधान हुँदैन। समस्याको जरो पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, स्रोत जुटाउने र परिणाम देखाउने क्षमता नै नेतृत्वको वास्तविक परीक्षा हो ।

जनकपुरधाम केवल एउटा उपमहानगरपालिका होइन । यो मिथिलाको धार्मिक आस्था, सांस्कृतिक परम्परा र ऐतिहासिक गौरवको केन्द्र हो । जानकी मन्दिरको आध्यात्मिक महत्त्व, मिथिलाको लोकसंस्कृति, विवाहपञ्चमीको आकर्षण र मधेश प्रदेशको राजधानीको हैसियतले यस सहरलाई विशिष्ट पहिचान दिएका छन् । तर पहिचान हुनु र त्यसलाई विकासको आधार बनाउन सक्नु फरक कुरा हुन् ।

जनकपुरधामको नाम संसारसम्म पुग्ने सम्भावना छ, तर त्यसअनुसारको पूर्वाधार, व्यवस्थित सहरी सेवा, पर्यटकमैत्री वातावरण र आर्थिक गतिविधि विस्तार गर्ने काम कति प्रभावकारी भएको छ ? धार्मिक पर्यटकको आगमनलाई स्थानीय रोजगारीसँग कसरी जोड्ने ? यहाँ आउने पर्यटकले केवल मन्दिर दर्शन गरेर फर्कने होइन, मिथिलाको कला, संस्कृति, खानपान, हस्तकला र जीवनशैली अनुभव गर्न सक्ने वातावरण कसरी बनाउने ? यी प्रश्नको उत्तर खोज्नु आवश्यक छ ।

राजधानीको नामले मात्र सहर राजधानी बन्दैन । राजधानीको गरिमा व्यवस्थित सडक, स्वच्छ वातावरण, प्रभावकारी सार्वजनिक सेवा, सुरक्षित आवागमन, गुणस्तरीय शिक्षा, स्वास्थ्य सुविधा र आर्थिक गतिविधिले निर्माण गर्छ । धार्मिक सहरको परिचय पनि मन्दिरको उपस्थितिले मात्र पूर्ण हुँदैन; सम्पदाको संरक्षण, सरसफाइ, शान्ति, व्यवस्थापन र सांस्कृतिक जीवन्तताले त्यसलाई अर्थ दिन्छ । संघीय सरकारले पर्याप्त ध्यान दिएन भन्ने गुनासो विगतदेखि सुनिँदै आएको छ । प्रदेश र स्थानीय तहबाट पनि अपेक्षाअनुसार परिवर्तन नभएको अनुभूति नागरिकमा छ । तर अब जनकपुरधामको भविष्यलाई दोषारोपणको चक्रमा अल्झाएर राख्न सकिँदैन । तीनै तहका सरकारबीच समन्वय, उपलब्ध अधिकारको सदुपयोग र दीर्घकालीन योजनाको कार्यान्वयन आवश्यक छ ।

संघीयतापछि जनकपुरधाम उपमहानगरपालिकाले दुईवटा स्थानीय निर्वाचनमार्फत नेतृत्व परिवर्तनको अनुभव गरेको छ । २०७४ सालमा लालकिशोर साह र २०७९ सालमा मनोजकुमार साह नगरप्रमुखमा निर्वाचित भए । यी दुई कार्यकाललाई व्यक्तिको प्रशंसा वा आलोचनामा मात्र सीमित नगरी उपलब्धि, कमजोरी र नागरिकका अधुरा अपेक्षाको आधारमा मूल्याङ्कन गर्नुपर्छ ।

लालकिशोर साहको कार्यकालमा सडक विस्तार, सहिदद्वार निर्माण, विद्यालयका भौतिक संरचनामा सुधार, उपमहानगरपालिकाको भवन निर्माण तथा सरसफाइसम्बन्धी कामको चर्चा हुने गरेको छ । सहरी पूर्वाधार विस्तारका यी प्रयासलाई उपलब्धिका रूपमा लिन सकिन्छ । तर विकास निर्माणका क्रममा प्रभावित नागरिकको क्षतिपूर्ति, जनतासँगको संवाद र निर्णय प्रक्रियाप्रतिको सन्तुष्टिका विषयमा प्रश्न उठेका थिए। विकासको परिणाम सडक वा भवनमा मात्र देखिनु पर्याप्त हुँदैन; त्यसले नागरिकको जीवनमा कस्तो प्रभाव पार्‍यो भन्ने कुरा पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

२०७९ सालको निर्वाचनमा राजनीतिक गठबन्धन, दलभित्रको असन्तुष्टि र स्वतन्त्र उम्मेदवारीले नयाँ राजनीतिक समीकरण निर्माण गर्‍यो । नेपाली कांग्रेसका नगरसभापति मनोजकुमार साहले गठबन्धनबाट टिकट नपाएपछि स्वतन्त्र उम्मेदवारी दिएका थिए र नगरप्रमुखमा निर्वाचित भए । पछि उनी पुनः नेपाली कांग्रेसमा आबद्ध भए । यस घटनाले स्थानीय निर्वाचनमा दलगत संरचनासँगै व्यक्तिगत जनसमर्थनको भूमिका पनि महत्त्वपूर्ण हुन सक्ने देखायो । तर निर्वाचन जित्नु र नागरिकले अपेक्षा गरेको परिवर्तन दिनु फरक कुरा हुन् । मनोजकुमार साहको कार्यकालको मूल्याङ्कन पनि योजनाको घोषणा वा राजनीतिक सम्बन्धका आधारमा होइन, कार्यान्वयन भएका काम, सार्वजनिक सेवाको अवस्था, बजेटको उपयोग, पारदर्शिता र नागरिकले अनुभव गरेको परिवर्तनका आधारमा हुनुपर्छ ।

विगतका दुवै कार्यकालले एउटा पाठ दिन्छन—नेतृत्व परिवर्तन आफैँमा विकासको प्रत्याभूति होइन । अनुहार बदलिँदैमा नगरको चरित्र बदलिँदैन । त्यसका लागि सोच, प्राथमिकता, कार्यशैली र जवाफदेहितामा परिवर्तन आवश्यक हुन्छ ।

जनकपुरधाम उपमहानगरपालिकाका २५ वडाको भूगोल, आवश्यकता र आर्थिक सम्भावना एउटै छैन । कुनै वडामा कृषि र पशुपालनको सम्भावना छ, कुनैमा साना उद्योग तथा व्यापार विस्तार गर्न सकिन्छ, कुनैमा धार्मिक तथा सांस्कृतिक पर्यटनको आधार छ । यी विविधतालाई एउटै ढाँचाको विकास योजनामा सीमित गर्नुको सट्टा वडाको विशेषताअनुसार आर्थिक सम्भावना पहिचान गर्नुपर्छ ।

कृषि सम्भावना भएका वडामा उत्पादनसँगै भण्डारण, प्रशोधन, बजारीकरण र किसानको आम्दानी बढाउने कार्यक्रम आवश्यक छन् । साना उद्योगको सम्भावना भएका क्षेत्रमा स्थानीय सीप, पुँजी र बजारलाई जोड्न

बाँकी पृष्ठ ३मा

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# छालालाई तन्नेरी राख्न के खाने ?

काठमाडौँ- रंगीन फलफूल तथा तरकारी, स्वस्थ बोसोयुक्त खानेकुरा र फर्मेन्टेड खाद्य पदार्थको नियमित सेवनले छालालाई



स्वस्थ राख्न, चाउरीपना कम गर्न र कोलाजेनको क्षय रोक्न सहयोग गर्न सक्ने विभिन्न अध्ययनले देखाएका छन् । छालाको हेरचाहमा बाहिरी सौन्दर्य प्रसाधनसँगै खानपानले पनि महत्त्वपूर्ण भूमिका खेल्ने विज्ञहरू बताउँछन् ।

छाला मानव शरीरको सबैभन्दा ठूलो अंग हो । यसले शरीरलाई बाह्य वातावरणका हानिकारक तत्त्वबाट जोगाउने महत्त्वपूर्ण काम गर्छ । तर वायु प्रदूषण, सूर्यको विकिरण, बढ्दो तापक्रम र उमेरसँगै छालामा परिवर्तन आउँछ । समय बित्दै जाँदा छालालाई संरचना र कसिलोपन दिने कोलाजेन नामक प्रोटिनको मात्रा घट्दै जाने भएकाले चाउरी पर्ने समस्या बढ्न सक्छ ।

छालाको स्वास्थ्यमा प्रभाव पार्ने यी सबै कारणलाई खानपानले मात्र रोक्न नसके पनि पोषक तत्त्वयुक्त आहारले छालालाई स्वस्थ राख्न मद्दत गर्न सक्छ ।

### १. रंगीन फलफूल र तरकारी

गाजर, गोलभैँडा, रातो तथा पहेँलो खुर्सानी, आँप र अन्य रंगीन फलफूल तथा तरकारीमा क्यारोटिनोइड्सजस्ता एन्टिअक्सिडेन्ट पाइन्छन् । यस्ता तत्त्वले प्रदूषण र सूर्यको विकिरणका कारण कोषमा हुन सक्ने क्षति कम गर्न सहयोग गर्न सक्छन् ।

गाजर र गोलभैँडामा पाइने बिटा क्यारोटिन तथा लाइकोपिनले छालाको स्वास्थ्यमा योगदान पुर्‍याउँछन् । बिटा क्यारोटिन शरीरमा भिटामिन 'ए' मा परिणत हुन सक्छ, जुन छालाका कोषको विकास र प्रतिरक्षा प्रणालीका लागि आवश्यक हुन्छ ।

त्यस्तै, आँप र सुन्तलाजस्ता फलफूलमा पाइने भिटामिन 'सी' कोलाजेन निर्माणका लागि महत्त्वपूर्ण हुन्छ । यसले एन्टिअक्सिडेन्टका रूपमा पनि काम गर्छ । भिटामिन 'सी' पर्याप्त मात्रामा प्राप्त हुँदा छालाको स्वास्थ्य कायम राख्न सहयोग पुग्न सक्छ ।

क्यालिफोर्निया विश्वविद्यालय डेविसका अनुसन्धानकर्ताहरूले गरेको एउटा सानो अध्ययनमा रजोनिवृत्तिपछि रहेका महिलाले १६ हप्तासम्म हप्तामा चार दिन ८५ ग्राम आँप खाँदा पहिले नै रहेका केही चाउरीको आकार घटेको र नयाँ चाउरीको संख्या कम भएको पाइएको थियो । तर दैनिक करिब २५० ग्राम आँप खाने समूहमा भने चाउरी बढेको देखिएको थियो । यसको कारण स्पष्ट भइसकेको छैन । प्राकृतिक चिनीको मात्राले भूमिका खेलेको हुन सक्ने अनुसन्धानकर्ताहरूको अनुमान छ ।

यी निष्कर्ष प्रारम्भिक भएकाले आँप वा अन्य कुनै फलले निश्चित रूपमा चाउरी हटाउँछ भन्न मिल्दैन । सन्तुलित मात्रामा विभिन्न फलफूल खानु उपयुक्त हुन्छ ।

### २. स्वस्थ चिल्लो भएका खानेकुरा

बदाम, ओखर, विभिन्न बीउ तथा वनस्पतिजन्य तेलमा पाइने स्वस्थ चिल्लोले छालाको प्राकृतिक सुरक्षा तह कायम राख्न सहयोग गर्न सक्छ । यसले छालामा चिस्यान जोगाउन र सुख्खापन कम गर्न मद्दत गर्छ । बदाम तथा बीउमा पाइने भिटामिन 'ई' ले छालाका कोषलाई अक्सिडेटिभ क्षतिबाट जोगाउन भूमिका खेल्छ । भिटामिन 'ई' को कमी हुँदा घाउ निको हुने प्रक्रियासहित छालाको स्वास्थ्यमा असर पर्न सक्छ ।

त्यस्तै, साल्मन, सार्डिन र म्याकरेलजस्ता चिल्लो माछामा ओमेगा-३ फ्याटी एसिड पाइन्छ । यसले शरीरमा हुने सूजन नियन्त्रण गर्न सहयोग गर्न सक्छ । केही साना अध्ययनले ओमेगा-३ ले सूर्यको विकिरणप्रति छालाको संवेदनशीलता कम गर्न सक्ने संकेत गरेका छन् । यद्यपि, यसलाई सनस्क्रिनको विकल्पका रूपमा लिनु हुँदैन ।

### ३. पेटको स्वास्थ्य राम्रो बनाउने खानेकुरा

पेटमा बस्ने सूक्ष्म जीवाणु र छालाको स्वास्थ्यबीच सम्बन्ध रहेको अनुसन्धानले देखाएको छ । यसलाई 'गट-स्किन एक्सिस' अर्थात् पेट र छालाबीचको सम्बन्ध भनिन्छ ।

फलफूल, तरकारी, गेडागुडी, साबुत अन्न, जडीबुटी तथा मसलाको विविध सेवनले पेटमा रहेका लाभदायक सूक्ष्म जीवाणुलाई सहयोग गर्छ । यस्ता जीवाणुले उत्पादन गर्ने केही यौगिकमा सूजन कम गर्ने तथा एन्टिअक्सिडेन्ट गुण हुन सक्छन् ।

दही, किम्ची, साउरक्राउट जस्ता खाद्य पदार्थ पनि आहारमा समावेश गर्न सकिन्छ । यस्ता खानेकुराले आन्द्राको सूक्ष्म जीवाणुको विविधता र पाचन स्वास्थ्यलाई सहयोग गर्न सक्छन् ।

विविध र सन्तुलित खानपानले समग्र स्वास्थ्यसँगै छालाको स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पार्न सक्छ ।

### ४. खानपानको प्रभाव देखिन समय लाग्छ

छालामा खानपानको प्रभाव तुरुन्तै देखिँदैन । अनुसन्धानकर्ता जाँ क्रुटमनका अनुसार वातावरणीय असरविरुद्ध केही एन्टिअक्सिडेन्टको प्रभाव मापन गर्न नियमित सेवन गरेको आठदेखि १० हप्ता लाग्न सक्छ ।

यसको अर्थ, केही दिन फलफूल वा बदाम खाँदैमा चाउरी हट्छ भन्ने होइन । पर्याप्त पानी पिउने, सन्तुलित आहार खाने, पर्याप्त निद्रा लिने र धूमपानबाट टाढा रहनेजस्ता बानीले पनि छालाको स्वास्थ्य कायम राख्न मद्दत गर्छन् ।

### सनस्क्रिनको महत्त्व नबिर्सौं

पोषणले छालालाई भित्रैबाट सहयोग गर्न सक्छ, तर सूर्यको हानिकारक विकिरणबाट जोगिन बाहिरी सुरक्षा पनि आवश्यक हुन्छ । त्यसैले छालाको हेरचाहका लागि सूर्यको विकिरणबाट जोगाउने उपाय अपनाउने र उपयुक्त सनस्क्रिन नियमित प्रयोग गर्ने महत्त्वपूर्ण हुन्छ ।

उमेर बढ्दै जाँदा छालामा परिवर्तन आउनु स्वाभाविक प्रक्रिया हो । स्वस्थ खानपानले उमेरका सबै चिह्न हटाउन नसके पनि छालालाई लामो समयसम्म स्वस्थ राख्न योगदान पुर्‍याउन सक्छ । *साभार: स्वास्थ्यखबरडटकम*

## सत्ताको आकांक्षा...........

सकिन्छ । धार्मिक तथा सांस्कृतिक महत्त्व भएका क्षेत्रमा पर्यटकको बसाइ लम्ब्याउने, स्थानीय उत्पादनको बिक्री बढाउने र सांस्कृतिक अनुभवसँग सम्बन्धित व्यवसाय विकास गर्ने अवसर छन् ।

पर्यटकलाई आकर्षित गर्न मन्दिरको प्रचार मात्र पर्याप्त हुँदैन । व्यवस्थित सूचना केन्द्र, सफा सार्वजनिक शौचालय, सहज आवागमन, सुरक्षित पैदलमार्ग, स्थानीय परिकार, मिथिला चित्रकला, हस्तकला र सांस्कृतिक प्रस्तुतिलाई पर्यटनसँग जोड्न सकिन्छ । यसबाट होटल र यातायात व्यवसायीलाई मात्र होइन, साना पसले, कलाकार, कारीगर, महिला उद्यमी र युवालाई पनि आम्दानीको अवसर सिर्जना गर्न सकिन्छ ।

विकासको वास्तविक अर्थ यही हो-सहरमा आउने आर्थिक अवसर नागरिकको घरदैलोसम्म पुग्नु । एउटा सडक बनेपछि त्यसले स्थानीय व्यापारलाई कति सहयोग गर्‍यो ? एउटा पर्यटकीय योजना सञ्चालन भएपछि कति रोजगारी सिर्जना भयो ? एउटा सीपमूलक कार्यक्रमपछि कति युवाले आम्दानी गर्न थाले ? यस्ता प्रश्नको उत्तर दिन सक्ने विकास योजना आवश्यक छ । जनकपुरधामको अर्को महत्त्वपूर्ण सम्भावना शिक्षा हो। कुनै समय रामस्वरूप रामसागर बहुमुखी क्याम्पस (राराब) ले उच्च शिक्षाका लागि देशभरका विद्यार्थीलाई आकर्षित गर्ने प्रतिष्ठा बनाएको थियो। यस संस्थासँग जोडिएर विभिन्न क्षेत्रमा स्थापित भएका व्यक्तिहरूको चर्चा आज पनि सुनिन्छ। तर विगतको प्रतिष्ठा सम्झेर मात्र वर्तमानको शैक्षिक चुनौती समाधान हुँदैन।

राराब क्याम्पसको शैक्षिक वातावरण, पूर्वाधार, अध्ययन-अनुसन्धान, शिक्षक व्यवस्थापन र विद्यार्थीमैत्री सेवामा सुधार आवश्यक छ। यसका लागि उपमहानगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका सम्भावना उपयोग गर्दै प्रदेश, संघीय सरकार, विश्वविद्यालय र सम्बन्धित शैक्षिक निकायसँग सहकार्य गर्न सक्छ। शिक्षा भनेको भवन र कक्षाकोठा निर्माणमा मात्र सीमित हुँदैन। गुणस्तरीय अध्यापन, समयानुकूल पाठ्यक्रम, प्रविधिको प्रयोग, अनुसन्धानको संस्कृति र विद्यार्थीले भविष्यको रोजगारीसँग जोड्न सक्ने सीप पनि शिक्षाका आधार हुन्। जनकपुरधामलाई शिक्षा केन्द्रका रूपमा विकास गर्न सकिएमा यसले स्थानीय व्यापार, आवास, यातायात र सेवा क्षेत्रमा समेत आर्थिक गतिविधि बढाउन सक्छ।

युवालाई विदेश जानबाट रोक्ने भाषणभन्दा स्वदेशमै सम्मानजनक अवसर सिर्जना गर्ने नीति प्रभावकारी हुन्छ। स्थानीय तहले सबै रोजगारी आफैँ सिर्जना गर्न नसके पनि सीप विकास, उद्यमशीलता, बजारको पहुँच, लगानीमैत्री वातावरण र निजी क्षेत्रसँगको सहकार्यमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।

अबको निर्वाचनमा जनकपुरधामका मतदाताले उम्मेदवारसँग केवल प्रतिबद्धता होइन, स्पष्ट उत्तर माग्नुपर्छ। जनकपुरधामको पाँच वा दस वर्षपछिको स्वरूप कस्तो हुनेछ? नगरको मुख्य आर्थिक आधार के हुनेछ? युवाका लागि कस्ता रोजगारी र उद्यमका अवसर सिर्जना गरिनेछन्? धार्मिक पर्यटनलाई स्थानीय अर्थतन्त्रसँग जोड्ने ठोस योजना के छ? सार्वजनिक शिक्षाको गुणस्तर सुधार्न के गरिनेछ? फोहोर व्यवस्थापन, ढल, खानेपानी, सडक र सार्वजनिक स्थलको समस्या कसरी समाधान गरिनेछ? नगरको बजेट कुन प्राथमिकतामा खर्च हुनेछ? कामको प्रगति नागरिकले कसरी थाहा पाउनेछन्? वाचा पूरा नभए जनताप्रति जवाफदेही हुने आधार के हुनेछ?

यी प्रश्नको उत्तर चुनावी सभामा सुनिने आकर्षक भाषणमा मात्र खोज्नु हुँदैन । उम्मेदवारको लिखित कार्ययोजना, विगतको काम, सार्वजनिक व्यवहार, आर्थिक पारदर्शिता र नागरिकसँग संवाद गर्ने शैलीमा पनि खोज्नुपर्छ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, उम्मेदवारले आफ्नो योजनाको आर्थिक आधार स्पष्ट पार्न सक्नुपर्छ । कुन काम उपमहानगरपालिकाको बजेटबाट सम्भव छ ? कुनका लागि प्रदेश वा संघीय सरकारको सहयोग चाहिन्छ ? कुन क्षेत्रमा निजी क्षेत्रसँग सहकार्य गर्न सकिन्छ ? कुन योजना पहिलो वर्ष, कुन दोस्रो वर्ष र कुन कार्यकालको अन्त्यसम्म पूरा गरिनेछ? समयसीमा र प्रगति मापन गर्ने आधार नभएको योजना कागजमा सुन्दर देखिए पनि व्यवहारमा अधुरै रहन सक्छ । स्वतन्त्र उम्मेदवार वा राजनीतिक दलका उम्मेदवारमध्ये को अगाडि आउँछ भन्ने बहस स्वाभाविक हो । तर स्वतन्त्र हुनु मात्रै परिवर्तनको प्रमाण होइन, र दलसँग आबद्ध हुनु मात्रै असफलताको परिचय पनि होइन । महत्त्वपूर्ण कुरा उम्मेदवारको क्षमता, सार्वजनिक अभिलेख, विचार, कार्ययोजना र जवाफदेहिता हो ।

जनकपुरधामलाई आज परम्परा र आधुनिकताबीच सन्तुलन कायम गर्न सक्ने नेतृत्व चाहिएको छ । धार्मिक आस्थाको सम्मान गर्दै सांस्कृतिक सम्पदाको संरक्षण गर्ने, आधुनिक प्रविधि र ज्ञानको उपयोग गर्ने, आर्थिक सम्भावनालाई रोजगारीसँग जोड्ने तथा नगरका सबै वर्ग र समुदायलाई विकासको प्रक्रियामा सहभागी गराउने दृष्टि आवश्यक छ ।

जेनजी आन्दोलनले उठाएका प्रश्नको उत्तर केवल नयाँ पुस्तालाई उम्मेदवार बनाएर मात्र प्राप्त हुँदैन। पुरानो पुस्ताले पनि नयाँ सोच आत्मसात् गर्न सक्छ, नयाँ पुस्ताले पनि पुरानै राजनीतिक अभ्यास दोहोर्‍याउन सक्छ। त्यसैले परिवर्तनको मापदण्ड उमेर वा अनुहार होइन, विचार र व्यवहार हुनुपर्छ।

चुनाव आउँछ, प्रचार सुरु हुन्छ, झन्डा र ब्यानरले सहरका भित्ता र सडक भरिन्छन्। उम्मेदवार घरदैलोमा पुग्छन्, हात मिलाउँछन् र भविष्यका अनेक सपना बाँड्छन्। तर चुनाव सकिएपछि ती सपना कति पूरा हुन्छन् भन्ने प्रश्न नै लोकतन्त्रको वास्तविक परीक्षा हो।

जनकपुरधामलाई अब अर्को चुनावी उत्सव मात्र चाहिएको छैन। यसलाई आफ्नो सम्भावना चिन्न सक्ने, प्राथमिकता निर्धारण गर्न सक्ने, स्रोतको सदुपयोग गर्ने र नागरिकको जीवनमा मापनयोग्य परिवर्तन ल्याउने नेतृत्व चाहिएको छ। राजनीति पद प्राप्त गर्ने माध्यम मात्र होइन, समाजको भविष्य निर्माण गर्ने जिम्मेवारी पनि हो। उम्मेदवारले जनताको विश्वास माग्नुअघि आफूले गर्न सक्ने काम, त्यसका लागि आवश्यक स्रोत र त्यसको परिणामबारे स्पष्ट हुनुपर्छ। जनताले पनि व्यक्तिगत सम्बन्ध, भावनात्मक आग्रह र क्षणिक प्रचारभन्दा माथि उठेर विचार, योजना र विगतको कार्यसम्पादनका आधारमा नेतृत्वबारे सोच्नुपर्छ। अन्ततः जनकपुरधामको भविष्य कसले चुनाव जित्छ भन्ने कुराले मात्र निर्धारण गर्दैन; जित्नेले कस्तो दृष्टि बोकेको छ र जनताले उसलाई कति जवाफदेही बनाउँछन् भन्ने कुराले निर्धारण गर्छ । अबको निर्वाचन व्यक्तिको लोकप्रियताको परीक्षा मात्र होइन, जनकपुरधामको भविष्यबारे प्रस्तुत गरिने विचार, योजना र प्रतिबद्धताको पनि परीक्षा बन्नुपर्छ। किनकि जनकपुरधामलाई अब सपना बाँड्ने नेतृत्व होइन, सपनालाई यथार्थमा बदल्ने दृष्टि चाहिएको छ ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# छठ नजिकिएसँगै सिरहाका बजारमा चहलपहल

## बाँसका ढाकी, सुप, नाङ्लो र कोनिया किन्नेको भीड बढ्दै, पूजाको तयारीमा जुटे श्रद्धालु

दैनिक समाचारदाता
सिरहा, ७ कात्तिक । लोकआस्था, श्रद्धा र पवित्रताको प्रतीकका रूपमा मनाइने छठ पर्व नजिकिएसँगै सिरहाका बजारमा चहलपहल बढ्न थालेको छ। पर्वका लागि आवश्यक पूजासामग्रीको किनमेल गर्न सर्वसाधारण बजार पुग्न थालेपछि बजार क्षेत्रमा छठको रौनक देखिन थालेको हो।



विशेषगरी छठ पूजामा प्रयोग हुने बाँसबाट निर्मित सामग्रीको माग बढ्न थालेको छ। सूर्यदेवलाई अर्घ्य अर्पण गर्न आवश्यक ढाकी, सुप, नाङ्लो र कोनियालगायतका सामग्री खरिद गर्न श्रद्धालुहरू बजार पुगिरहेका छन्। पर्व नजिकिँदै जाँदा पूजाका सामग्री जुटाउने चटारो बढेको छ भने बाँसका सामग्री बिक्री गर्ने व्यापारीहरू पनि व्यापार बढ्ने अपेक्षामा छन्।

छठ पर्वमा बाँसबाट बनेका सामग्रीको धार्मिक तथा सांस्कृतिक महत्त्व रहँदै आएको छ। पूजाका सामग्री राख्न र सूर्यदेवलाई अर्घ्य अर्पण गर्न प्रयोग गरिने ढाकी, सुप तथा अन्य सामग्री छठको परम्परासँग गहिरो रूपमा जोडिएका छन्। त्यसैले आधुनिक सामग्रीको प्रयोग बढ्दै गए पनि छठमा बाँसबाट बनेका सामग्रीको महत्त्व र आकर्षण अझै कायम छ।

छठ पर्वमा व्रतालुहरूले अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै परिवारको सुख, शान्ति, समृद्धि र आरोग्यको कामना गर्छन्। यस पर्वमा शुद्धता, अनुशासन, संयम र पवित्रतालाई विशेष महत्त्व दिइन्छ। पूजाका लागि आवश्यक सामग्रीको व्यवस्थापनदेखि घाटको सरसफाइ र सजावटसम्मका काममा परिवार तथा समुदायका सदस्यहरू जुट्ने गर्छन्।

पर्वको तयारीसँगै बाँसका सामग्री बिक्री गर्ने व्यापारीहरूमा पनि आशा पलाएको छ। छठका बेला ढाकी, सुप, नाङ्लो र कोनियाजस्ता सामग्रीको माग बढ्ने भएकाले उनीहरू ग्राहकको प्रतीक्षामा छन्। यस्ता सामग्रीको बिक्रीले परम्परागत सीपमा आधारित व्यवसाय सञ्चालन गर्दै आएका कारीगर तथा व्यापारीलाई आम्दानीको अवसरसमेत प्रदान गर्छ।

बाँसका सामग्रीको प्रयोगले छठ पर्वको मौलिकता जोगाउन पनि योगदान पुर्‍याउँदै आएको छ। स्थानीय स्तरमा उपलब्ध बाँसबाट बनाइने सामग्री वातावरणमैत्री हुनुका साथै परम्परागत हस्तकलाको संरक्षणसँग समेत जोडिएका छन्। यस्ता सामग्रीको माग कायम रहनुले पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको सीप र संस्कृतिलाई निरन्तरता दिन सहयोग पुग्ने देखिन्छ।

छठ पर्व नजिकिएसँगै बजारमा देखिन थालेको चहलपहलले सिरहामा पर्वको उत्साह बढ्दै गएको संकेत गरेको छ। आगामी दिनमा पूजासामग्रीको किनमेल थप बढ्ने अपेक्षा गरिएको छ। श्रद्धा, आस्था र सामाजिक सद्भावसँग जोडिएको छठ पर्वले बजारलाई चलायमान बनाउनुका साथै स्थानीय संस्कृति र परम्पराको महत्त्वलाई पनि उजागर गरेको छ।

# दसैं मनाएर उपत्यका फर्किने बढ्दै

काठमाडौँ ७ कात्तिक । दसैँ मनाउन काठमाडौँ उपत्यकाबाट बाहिरिएका यात्रुहरू धमाधम फर्किन थालेपछि उपत्यका भित्रिने प्रमुख नाकाहरूमा सवारी चाप बढ्न थालेको छ।

दसैँको टीका तथा आशीर्वाद थापेर घरबाट फर्किने यात्रु र सवारीसाधनको सङ्ख्या बढेसँगै नागढुङ्गा-कलङ्की, जडीबुटी-कोटेश्वर, तीनपिप्ले, भक्तपुरको जगाती, भट्टेडाँडा तथा दक्षिणकाली-फर्पिङलगायतका सडकखण्डमा सवारीसाधनको चाप बढेको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ। सो कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले यात्रुको आवागमन सहज बनाउन तथा सवारी चाप व्यवस्थापन गर्न ट्राफिक प्रहरीलाई सक्रिय रूपमा परिचालन गरिएको बताए।



कार्यालयका प्रहरी प्रवक्ता नरेशराज सुवेदीले उपत्यका फर्किने यात्रुको चाप दिनहुँ बढ्न थालेपछि आवागमन सहज बनाउने, सवारी चाप व्यवस्थापन गर्ने तथा सम्भावित दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले सडकमा निगरानी बढाइएको जानकारी दिए। उपत्यकाका प्रमुख नाकाहरूमा दैनिक निजी कार, जिप, मोटरसाइकल तथा साना-ठूला सार्वजनिक सवारीसाधन गरी करिब एक हजारको हाराहारीमा सवारीसाधन आवतजावत गर्ने गरेका छन्।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयको तथ्याङ्कअनुसार यस वर्षको दसैँ मनाउन घटस्थापनादेखि कात्तिक ३ गतेसम्म ७९ हजार ६७६ वटा सवारीसाधनमार्फत पाँच लाख ७६ हजार ५७८ जना उपत्यकाबाट बाहिरिएका थिए। रासस

# चितवनमा तीन महिनामा २८ जनाले त्यागे नागरिकता

## चार जनाको नागरिकता रद्द, सोही अवधिमा ३ हजार ६२ जनाले लिए वंशजका आधारमा नागरिकता

चितवन ७ कात्तिक । चितवनमा चालु आर्थिक वर्षको साउनदेखि असोज मसान्तसम्म २८ जनाले नेपाली नागरिकता परित्याग गरेका छन्। यस अवधिमा चार जनाको नागरिकता रद्द गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय चितवनका सूचना अधिकारी विकास विकका अनुसार नागरिकता परित्याग गर्नेमा १० महिला र १८ पुरुष छन्। तीन महिनाको अवधिमा जिल्ला प्रशासन कार्यालयबाट नागरिकता परित्यागसम्बन्धी प्रक्रिया पूरा गरिएको हो।

यसै अवधिमा चितवनमा तीन हजार ६२ जनाले वंशजका आधारमा नागरिकता प्राप्त गरेका छन्। जिल्ला प्रशासन कार्यालय चितवनबाट दुई हजार ८२४ र इलाका प्रशासन कार्यालय माडीबाट २३८ जनाले नागरिकता लिएका हुन्। नागरिकता प्राप्त गर्नेमा जिल्ला प्रशासन कार्यालयबाट एक हजार ४१८ महिला र एक हजार ४०६ पुरुष छन्। माडीबाट नागरिकता लिनेमा १२२ महिला र ११६ पुरुष रहेका छन्।

जिल्ला प्रशासन कार्यालयबाट १५ महिलाले वैवाहिक अङ्गीकृत र ११ जनाले अङ्गीकृत नागरिकता प्राप्त गरेका छन्। अङ्गीकृत नागरिकता लिनेमा सात महिला र चार पुरुष छन्। यस्तै, ३१ जनाले गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेका छन्। उनीहरूमध्ये नौ महिला र २२ पुरुष छन्। माडीबाट एक महिलाले वैवाहिक अङ्गीकृत र एक जनाले अङ्गीकृत नागरिकता लिएका छन्।

तीन महिनामा जिल्ला प्रशासन कार्यालयबाट ६ हजार ११६ र इलाका प्रशासन कार्यालय माडीबाट ६५० गरी कुल ६ हजार ७६६ नागरिकताको प्रतिलिपि जारी गरिएको छ।

यसैगरी, जिल्ला प्रशासन कार्यालयबाट ११ हजार ९९७ जनाको राष्ट्रिय परिचयपत्रका लागि नयाँ विवरण दर्ता गरिएको छ भने चार हजार ३७० वटा परिचयपत्र वितरण गरिएको छ। राहदानीका लागि पाँच हजार ८५२ जनाको सिफारिस गरिएको र चार हजार २४३ वटा राहदानी वितरण गरिएको सूचना अधिकारी विकले जानकारी दिए।

यस अवधिमा ३२६ जनाको नाबालक परिचयपत्रका लागि नयाँ दर्ता गरिएको र ११ वटा प्रतिलिपि जारी गरिएको छ। कार्यालयबाट ३१६ वटा जातीय प्रमाणित, ३१७ वटा भारतीय पेन्सन सिफारिस, १२५ वटा व्यक्ति प्रमाणित र एक हजार ११४ वटा अन्य सिफारिससम्बन्धी काम भएका छन्।

यता, इलाका प्रशासन कार्यालय माडीबाट असोज मसान्तसम्म एक हजार २५५ जनाको राष्ट्रिय परिचयपत्रका लागि नयाँ विवरण दर्ता गरिएको छ भने ७४८ वटा परिचयपत्र वितरण गरिएको छ। सोही अवधिमा १० जनाको नाबालक परिचयपत्रका लागि नयाँ दर्ता गरिएको र २३ वटा जातीय प्रमाणितसम्बन्धी काम भएको कार्यालयले जनाएको छ। रासस

सडक दुर्घटनाबाट बचौं र बचाऔं

❖ सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
❖ मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
❖ सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
❖ सवारी साधन नियमित मर्मत सम्भार गरौं,
❖ पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
❖ दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४